# बालबिबाह अन्त्यका लागि सरोकारवाला निकायहरुसंगको अन्तरक्रिया कार्यक्रम




बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
हेटौडा

# उद्देश्य

- बाल बिबाह बढी  भएका स्थानहरुको पहिचान गरी तथ्यांक संकलन गरी विश्लेषण गर्ने र बालबिबाह रोकथामका उपायहरुको बारेमा छलफल गर्ने।
- विद्यालयहरुसँग समन्वय गरी शिक्षक तथा विधार्थीहरुसँग सक्षात्कार कार्यक्रम सञ्चालन गर्ने बारेमा छलफल गर्ने ।
- बाल बिबाहले गर्दा न्यायिक, सामाजिक , आर्थिक मानसिक तथा स्वास्थ्यमा पर्ने दुरगामी असरको बारेमा सचेतना फैलाउने बारे सरोकारवाला निकायहरु बीचमा छलफल गरी कार्य योजना बनाउने।
- बालविवाहका कारणहरु र यसका नकारात्मक असरहरु विषय अनुसन्धान गर्ने  र छलफल गर्ने बारेमा अन्तरक्रिया गर्ने।



# पृष्ठभूमि

- विबाह गर्ने वा नगर्ने विषय प्रत्येक व्यक्तिको नैसर्गिक हक अधिकारको कुरा हो र यसका लागि प्राय सबै मुलुकहरुले न्यूनतम उमेर तोकेका हुन्छन्।

- मुलुकी अपराध संहिता, २०७४ मा विवाहका लागि कानूनी उमेर २० वर्ष पुरा भएको हुनुपर्ने तोकिएको छ । तसर्थ २० वर्ष पुरा नगरिकन गरिने बिबाह नै **बालबिबाह** कहलाईने छ ।

- २० बर्ष उमेर नपुगेका आफैले राजीखुशीमा अथवा आमाबुवा वा अभिभावकको स्विकृतीमा विवाह गरेपनि त्यो बालविवाह हो ।

- दक्षिण एसियामा नेपाल; बंगलादेश र भारत पछी बाल बिबाह उच्च रहेको मुलुकहरु मध्ये तेस्रो स्थानमा पर्दछ ।[1]



# पृष्ठभूमि

- स्थानीय तहमा भएका बलबिबाहका घटना तथा तथ्याङ्कले बागमती प्रदेश पनि बालबिबाह उच्च भएको प्रदेशभित्र पर्ने देखाउँछ ।

- नेपालको सन्दर्भमा बालविबाह प्राय तीन प्रकारले हुने रहेको छ ।
  - ➢ मागी विवाह
  - ➢ प्रेम विवाह/भागी विवाह
  - ➢ जबरजस्ती विवाह
- यसले बालबालिका हरुरको शारीरिक तथा मानसिक विकासमा असर पार्दछ र लैङ्गिक हिंसाको सबैभन्दा खराब रूप रहेको छ ।
- बालविबाह अन्त्य गर्ने उद्देश्यले बागमती प्रदेश सरकारले **"प्रदेश र स्थानीय तहको एउटै सन्देश, बालविबाह मुक्त हाम्रो प्रदेश"** भन्ने नाराका साथ **"प्रादेशिक रणनीति २०७६"** जारी गरि कार्यान्वयनमा ल्याएको छ ।





# बालबिबाह बाट हुने असरहरु

## स्वास्थ्यमा समस्या

- शारीरिक, मानसिक तथा संवेगात्मक विकासमा अवरोध
- प्रारम्भिक गर्भावस्था
- मतृ तथा बाल मृत्यु, फिस्टुलाको समस्या
- कुपोषण
- मानसिक समस्या
- यौन जन्य रोग तथा एच.आई. भी संक्रमण बढ्ने






Under Nepali law,
the minimum age
of marriage is 20.
However...
10 % of girls marry
before age 15.
37 % of girls marry
before age 18.
HUMAN
RIGHTS
WATCH


SAY NO
TO CHILD
MARRIAGE

## AMONG NEPALI WOMEN AND MEN AGED 20-24

10.4 % Married by 15

36.6 % Married by 18[11]

11 % Married by 18[12] → The 8th highest figure in the world[13]

## IF PROGRESS IS ACCELERATED IN NEPAL


the prevalence of child marriage of women aged 20-24 could drop to **a third of today's levels by 2050**[14]

## MORE THAN A QUARTER OF WOMEN

with **no education** were married before the age of 15 **compared to** only two percent of women with **higher education**[15]

## WOMEN LIVING IN THE RICHEST HOUSEHOLDS ARE THE LEAST LIKELY TO HAVE MARRIED AS CHILDREN[16]

Percentage of women aged 20-49 married before age 18 by wealth quintile




Note: Confidence intervals are not available at this time. Caution should be used in interpreting values, as apparent differences may not be significant.

## WOMEN LIVING IN RURAL AREAS ARE MORE LIKELY TO BE MARRIED AS CHILDREN

**COMPARED TO**

THOSE IN URBAN AREAS[17]

52.1% Rural

34.7% Urban

स्वास्थ्य मन्त्रालय, बागमती प्रदेश



# बागमती प्रदेशमा बालबिबाहको अवस्था

- २०६८ को जनगणनालाइ आधार मान्दा :

➢ बागमती प्रदेशको कुल बिबाहित जनसंख्यामध्ये बाल बिबाहः **५०.५१%**

➢ सबै भन्दा बढी बाल बिबाह भएको जिल्ला नुवाकोटः **६२.६%**

➢ सबै भन्दा कम बाल बिबाह भएको जिल्ला काठमाण्डौः **३९.२%**

➢ **बागमती प्रदेशमा बालबिबाहको प्रतिशतः ३९% (स्रोतः**

➢ **बागमती प्रदेशमा उच्च बाल विवाह रहेको गाउँपालिकाः राक्सिराङ्ग गाउँपालिका**

➢ १० वर्ष मुनिको बिबाहः **१.०९%**

➢ १०-१४ वर्षको बिबाहः **८.०७%**

➢ १५-१९ वर्षको बिबाहः **४१.३५%**

- विभिन्न तथ्यांकका आधारमा बागमती प्रदेशको बाल बिबाहको अवस्थाः **२९%** रागेको ( श्रोतः प्रदेश नं ३ को पहिलो आवधिक योजना)




स्वास्थ्य मन्त्रालय, बागमती प्रदेश

# बागमती प्रदेशमा बालबिबाहको अवस्था

- निरक्षर, जनजातिमा( आदिवासी जनजाती), दलित समुदायहरुमा बढी बालविवाह हुने गरेको छ ।
- प्राय जस्तो अवस्थामा (५५.९ % किशोर, ६३%किशोरी) बालबालिका को आमा बुवाको समर्थन मा हुने गरेको देखिएको छ।
- मकवानपुरको माथिल्लो भेगका तामाङमा बालविवाह बढी हुने गरेको छ ।





# पहिलो विवाह हुने मध्यक उमेर(Median Age at First Marriage)

२१.७ वर्ष



१७.९ वर्ष

स्रोत: NDHS, 2016



# नेपालमा किशोरीहरुको प्रजनन स्वास्थ्यको अवस्था



**नेपालमा ३७ प्रतिशत बालिकाले १८ वर्ष उमेरभन्दा पहिले र १० प्रतिशतले १५ वर्ष उमेरअघि विवाह गर्ने गरेका छन् ।**





स्वास्थ्य मन्त्रालय, बागमती प्रदेश

स्रोत: द स्टेट अफ द वर्ल्ड्स चिल्ड्रेन २०१६

# नेपालमा किशोरीहरुको प्रजनन स्वास्थ्यको अवस्था

## १५-१९ बर्षका किशोरीहरुको आमा हुने प्रतिशत










स्रोत: NDHS, 2016

स्वास्थ्य मन्त्रालय, बागमती प्रदेश

# नेपालमा किशोरीहरूमा रक्तअल्पता




**Severe Public Health Problem**



# बाल विवाहका कारणहरु

- प्रजनन् शिक्षाको कमी
- कानुनको अनविज्ञता
- विद्युतीय संचार मध्यम र प्रविधिको दुरुपयोग/गलत प्रयोग
- दाइजो प्रथा, सामाजिक तथा संस्कृतिक रीतिरिवाज
- अपर्याप्त र एक आपसमा बाझीएका कानूनी व्यवस्था
- भएको कानूनको फितलो कार्यन्वयन
- बालविवाहसम्बन्धी कानुन कार्यान्वयनमा कमी



# बालविवाह नियन्त्रण गर्न सकिने उपायहरु

- जिम्मेवार निकाय र सबै सरोकारवालालाई बालविवाहको गाम्भीर्यता बुझाउनु आवश्यक देखिएको
- महिला र बालबालिकामा मुख्य गरि पार्न सक्ने नकारात्मक स्वास्थ्य अवस्था बारे जनचेतना गर्नु पर्ने
- निरक्षर, जनजातिमा ( आदिवासी जनजाती ), दलित समुदायहरुमा बढी बालविवाह देखिएको कारणले बालविवाह अन्त्यका कार्यक्रमलाई सम्बन्धित समुदायमा उपलब्ध जीविकोपार्जनका अवसरसँग जोड्नुपर्छ ।
- किशोर भन्दा किशोरीहरु बढी जोखिममा देखिएकोले, किशोरी केन्द्रित





# बालबिबाह सम्बन्धमा राष्ट्रिय तथा अन्तराष्ट्रिय व्यवस्था

## अन्तराष्ट्रिय व्यवस्था

- बिश्वव्यापी स्तरमा बालविवाहलाई सहस्राव्दी विकास (MDGs ) लक्ष्य प्राप्तीका लागि एक बाधकको रुपमा पहिचान गरी दीगो बिकासका लक्ष्यको कार्यसुची (SDGs – 2016 देखि 2030) मा बालविवाह अन्त्य गर्ने बिषयलाई प्राथमिकताका साथ समावेश गरिएकोछ ।

- सन् २०१३ को सेप्टेम्वरमा संयुक्त राष्ट्रसंघीय मानव अधिकार समितिबाट बालविवाह तथा जवरजस्ती हुने बिवाह रोकथाम तथा उन्मूलनको सवलीकरण, चुनौती,उपलव्धी, उदारणि अभ्यास र कार्यान्वयनमा रहेका समस्याहरु बिषयक प्रस्ताव र यसपछि सोही बर्षको डिसेम्वरमा संयुक्त राष्ट्रसंघको ६८ औं साधारणसभावाट बालविवाह तथा जवरजस्ती हुने विवाह बिषयक प्रस्ताव पारित गरिएपछि बालविवाह बिरुद्धका कार्यक्रमहरु बिश्वव्यापी रुपमा उच्च प्राथमिकतामा परेका हुन ।




स्वास्थ्य मन्त्रालय, बागमती प्रदेश

# बालबिबाह सम्बन्धमा राष्ट्रिय तथा अन्तराष्ट्रिय व्यवस्था

## राष्ट्रिय व्यवस्था

- **नेपालको संविधानको धारा ३९, उपधारा (५)**–"कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन ।"
- **मुलुकी अपराध संहिता, २०७४ को दफा १७३**

➢ **उपदफा (१)**:-बिबाह गर्ने व्यक्तिको उमेर २० वर्ष नपुगी कसैले बिबाह गर्न वा गराउन हुदैन ।

➢ **उपदफा (२)**:- उपदफा (१) विपरीत भएको विवाह स्वतः बदर हुनेछ ।

➢ **उपदफा (३)**:- उपदफा (१) बमोजिमको कसुर गर्ने व्यक्तिलाई तीनवर्ष सम्म कैद र तिस हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

स्वास्थ्य मन्त्रालय, बागमती प्रदेश



# बालबिबाह सम्बन्धमा राष्ट्रिय तथा अन्तराष्ट्रिय व्यवस्था

- बाल बालिका सम्बन्धी ऐन, २०७५ को दफा ६६

उपदफा (२):- खण्ड (ण) मा “बाल बालिका को बिबाह तय गर्ने वा बाल बालिका सँग बिबाह गर्ने वा गराउने” कार्यलाई बाल बालिका विरुद्ध हिंसा मानेको छ

- बाल बालिका सम्बन्धी ऐन, २०७५ को दफा ७२

उपदफा (३):- खण्ड (ख) मा “ दफा ६६ को उपदफा (२) को खण्ड (ण) बमोजिमको कुनै कार्य गरेमा पचहत्तर हजार रुपैयाँ सम्म जरिवाना र तीन वर्षसम्म कैद”

- बालविवाह अन्त्य सम्बन्धी प्रादेशिक रणनीति, २०७६



# बागमती प्रदेशमा बालविबाह अन्त्यको लागि भएको व्यवस्था

- प्रदेश बालबालिका समबन्धी ऐन,२०७६ ले कुनैपनि व्यक्तिको २० बर्षभन्दा अगाडी विवाह गर्न गराउन पाईने छैन भनेको छ भने अर्को तर्फ बागमती प्रदेश सरकारले आफ्नो नीति तथा कार्यक्रममा बालविवाह अन्त्य गर्ने नीति लिएको छ ।

- त्यसैले बागमती प्रदेश सरकारले हरेक बर्ष स्थानीय तहसँगको साझेदारीमा बालविवाह मुक्त प्रदेश निर्माणको लागि वित्तीय हस्तान्तरण मार्फत स्थानीय तहमा बजेटको व्यवस्था गरेको छ।



# बालबिबाह अन्त्यका लागि सचेतना कार्यक्रमहरु

- बाल बिबाह पर्याप्त भएका स्थानहरुको पहिचान गरी तथ्यांक संकलन गर्ने र त्यहाँको जनसमुदायमा जनचेतना अभिवृद्धी कार्यक्रम गर्ने ।
- विद्यालयहरु सँग समन्वय गरी शिक्षक तथा विधार्थीहरुसँग सक्षात्कार कार्यक्रम संचालन गर्ने ।
- बाल बिबाहले गर्दा न्यायिक, सामाजिक , आर्थिक मानसिक तथा स्वास्थ्यमा पर्ने दुरगामी असरको बारेमा सचेतना फैलाउने।
- रेडियो तथा एफ. एम. हरुमा बाल विवाह अन्त्यको लागि संदेश मूलक सूचनाहरु प्रसारण गर्ने।
- पोस्टर, पेमपलेट तथा होर्डिंग बोड़हरु उपयुक्त स्थानमा प्रदर्शन गराई जनचेतना गर्ने ।
- बालविवाहका कारणहरु र यसका नकारात्मक असरहरु विषय अनुसन्धान गर्ने ।



# प्रदेश तर्फ रहेको बाल विवाह न्यूनीकरण कार्यक्रमहरु

<u>विशेष अनुदान तर्फ</u>

१) यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी छात्राहरुका लागि विद्यालयमा आधारित गोष्ठी (स्वास्थ्य सेवा)

२) यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी छात्रहरुका लागि विद्यालयमा आधारित गोष्ठी (स्वास्थ्य सेवा)

३)स्थानीय सरकारसँग छात्र छात्रा (स्थानीय तहका प्रमुख, उपप्रमुख तथा कार्यपालिका सदस्यसँग प्रजनन तथा यौन स्वास्थ्य सम्बन्धी अन्तरक्रिया) (स्वास्थ्य सेवा)

४) छात्रामैत्रि शौचालयको व्यवस्थापन तथा सरसफाई

५) विद्यालयमा आधारित लैगिक हिंसा, मानव बेचविखन तथा बाल विवाह, साईवर क्राइम रोकथाम सम्बन्धी प्रहरी प्रशासनसंगको अन्तरक्रिया (स्वास्थ्य सेवा)





# प्रदेश तर्फ रहेको बाल विवाह न्यूनीकरण कार्यक्रमहरु

## विशेष अनुदान तर्फ

१) यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी छात्राहरुका लागि विद्यालयमा आधारित गोष्ठी (स्वास्थ्य सेवा)

३) स्थानीय सरकारसँग छात्र छात्रा (स्थानीय तहका प्रमुख, उपप्रमुख तथा कार्यपालिका सदस्यसँग प्रजनन तथा यौन स्वास्थ्य सम्बन्धी अन्तरक्रिया) (स्वास्थ्य सेवा)

४) छात्रामैत्रि शौचालयको व्यवस्थापन तथा सरसफाई

५) विद्यालयमा आधारित लैगिक हिंसा, मानव बेचविखन तथा बाल विवाह, साईवर क्राइम रोकथाम सम्बन्धी प्रहरी प्रशासनसंगको अन्तरक्रिया (स्वास्थ्य सेवा)





# प्रदेश तर्फ रहेको बाल विवाह न्यूनीकरण कार्यक्रमहरु

## एक विद्यालय एक नर्स मार्फत

१) बाल विवाह, किशोर अवस्थामा नै गर्भवती हुने अवस्था तथा लैङ्गिक हिंसाको न्यूनीकरण गर्ने।

२) किशोर किशोरी स्वास्थ्य सुधारका लागि सामाजिक परिचालन तथा जनचेतना अभिवृद्धी मार्फत मातृ तथा बाल स्वास्थ्य व्यवहारमा सकारात्मक परिवर्तन गर्ने।



# बालविवाह अन्त्यका लागि विभिन्न निकायहरुको भूमिका

## स्वास्थ्य कार्यालयः

- प्रत्येक स्थानीय तहसँग समन्वय गरि बालविवाह पर्याप्त भएका स्थानहरुको पहिचान गरि क्षमता अभीवृद्धी कार्यक्रम संचालन गर्ने
- प्रत्येक स्थानीय स्थानीय तहलाई निमन्त्रणा गरी बाल विवाहको नकारात्मक असरहरुको बारेमा एक दिन को अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने
- स्थानीय तहका विद्यालयहरुसँग समन्वय गरी शिक्षक तथा विद्यार्थीहरु सँग साक्षात्कार कार्यक्रमहरु सञ्चालन गर्ने ।
- प्रत्येक स्थानीयतह, वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालय र महिला स्वास्थ स्वयम सेविकाको सहयोगमा घरदैलो अभियान सञ्चालन गर्ने
- बाल विवाह र त्यसको न्यायिक, सामाजिक, आर्थिक मानसिक तथा स्वास्थ्यमा पर्ने दुरगामी असरको बारेमा सचेतना फैलाउने।





# बालविवाह अन्त्यका लागि विभिन्न निकायहरुको भूमिका

स्थानीय तहः

- स्वास्थ्य कार्यालयले संचालन गरेको विभिन्न कार्यक्रमहरु संग समन्वय गरि कार्यान्वयनमा सहयोग पुर्याउने
- बालविवाह बढ्दो क्रममा रहेको स्थानहरुको नक्सानकरण गर्ने
- बालविवाहका कारणहरु पत्ता लगाई न्यूनीकरणमा सहयोग पुर्याउने





# बालविवाह अन्त्यका लागि विभिन्न निकायहरुको भूमिका

विद्यालय :

- विद्यालयमा अध्ययनरत किशोर किशोरीहरूमा चेतना अभीवृद्धी गर्नका लागि कार्यक्रमहरु संचालन गर्ने ।
- "एक विद्यालय एक नर्स" कार्यक्रम लागु भएका विद्यालयहरुमा विद्यालय नर्स मार्फत बालविवाहको कारणले गर्दा स्वास्थ्यमा पर्न गएका नकरात्मक असरहरुको बारेमा सचेत गराउन सकिन्छ ।
- बाल विवाह, किशोर अवस्थामा नै गर्भवती हुने अवस्था तथा लैङ्गिक हिंसाको न्यूनीकरण गर्ने।
- बाल तथा युवा क्लबहरु संचालन गरि विभीन्न क्रियाकलापहरुद्वारा शिप विकासमा सहयोग पुर्याउन सकिन्छ ।





# बालविवाह अन्त्यका लागि विभिन्न निकायहरुको भूमिका

**अन्य सरोकारवालाहरु:**

- रेडियो तथा एफ. एम. हरुमा बाल विवाह अन्त्यको लागि संदेश मूलक सूचनाहरु प्रसारण गर्ने।
- पोस्टर, पेमपलेट तथा होर्डिंग बोड़ हरु उपयुक्त स्थानमा प्रदर्शन गराई जनचेतना गर्ने ।
- बालविवाह का कारणहरु र यसका नकारात्मक असरहरु विषय अनुसन्धान गर्ने ।



# THANKYOU
# धन्यवाद